नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, मंसीर १३ गते २०४५ साल (संख्या ३२

भाग ३

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको सूचना

भेरी अञ्चल बाँके जिल्ला कोठारपुर बस्ने रामनारायण सुनारलाई भारतीय भूमिमा कुटपिट गरी मारेको अभियुक्त राधेश्याम सुनारसमेत भएको ज्यानसम्बन्धी मुद्दामा सपुर्दगी ऐन, २०४५ अन्तर्गतको जाँचबुझ र कारवाही गर्ने समेत प्रयोजनको लागि श्री ५ को सरकारले सोही ऐनको दफा २ को उप-दफा २.१ बमोजिम बाँके जिल्ला अदालतलाई तोकेको छ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजनले झिकाउन लागेको अमेरिकी डलर २८,२००।– मूल्य बराबरको TV Standard Convertor र फ्रेञ्च फ्रान्क २,८१,२८०।– मूल्य बराबरको २०० वाटको ट्रान्समिटर उपकरणमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उप-सचिव

२६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।